# मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्तापूर्व), गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को बिक्रीका लागि बोलपत्र आह्वानसम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/१२/२६)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) र (६४) ले दिएको अधिकार प्रयोग गरी यस मध्यविन्दु नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमति, नगर कार्यपालिकाको निर्णय बमोजिम नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) बाट राजश्व असुली सम्बन्धी काम आ.व.०८२/०८३ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। मिति २०८३/०१/२८ गते १२:०० बजे भित्र कानुनी प्रक्रिया पूरा गरेका इच्छुक फर्म कम्पनीहरुले **www.madhyabindumun.gov.np** तथा **www.bolpatra.gov.np/egp** बाट बोलपत्र Download गरी देहायको मिति र समय भित्र बोलपत्र **www.bolpatra.gov.np/egp** मा Upload गर्नु पर्नेछ। अन्य जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ। **तपसिल**

### अरुणखोला खण्ड

| सूचना/ बोलपत्र नं. | क्षेत्र/नाकाहरूको नाम तल्ले विन्दु | | अवस्थित (GPS Co-ordinate) तल्लो विन्दु | अवस्थित (GPS Co-ordinate) माथिल्लो विन्दु | उत्खनन् परिणाम घ.मि. | | न्युनतम बोलपत्र रकम (VAT) र अग्रिम आयकर बाहेक | बोलपत्र दस्तुर रु. | |
|---|---|---|---|---|---|---|---|---|---|
| ०६/ २०८२/ ०८३ | अरुणखोला खण्ड -क | गरम टोला खण्ड -क | २७°३४'३९.९०" ८३°५७'४५.६२" | २७°३४'३१.३४" ८३°५७'४७.१४" | ५४०० | २१६०० | ५३४०३८४/ | ३०००/ | धरौटी रकम कबोल अंकको ५% |
| | | कटुवाई नाका खण्ड | २७°३५'५.००" ८३°५७'४३.००" | २७°३४'५६.००" ८३°५७'४५.००" | ४५०० | | | | |
| | | माथिल्लो भ्यूरान खण्ड - ख | २७°३५'१५.००" ८३°५७'३९.००" | २७°३५'८.००" ८३°५७'४२.००" | ६४०० | | | | |
| | | फोहरमैला दक्षिण खण्ड-ख | २७°३५'४७.००" ८३°५७'३६.००" | २७°३५'३८.०६" ८३°५७'३६.१८" | ५३०० | | | | |
| ०७/ २०८२/ ०८३ | अरुणखोला खण्ड -ख | खयरसाल खण्ड-क | २७°३८'४५.६४" ८३°५७'२७.६३" | २७°३८'५८.६३" ८३°५७'२३.३०" | ६४०० | २१६०० | ५३४०३८४/ | ३०००/ | |
| | | खयरसाल खण्ड-ग | २७°३९'२०.८७" ८३°५७'२४.०१" | २७°३९'२६.९८" ८३°५७'१८.७४" | ४५०० | | | | |
| | | स्कुल टाँडी खण्ड- ख | २७°३९'४७.३६" ८३°५७'९.३१" | २७°३९'५८.९२" ८३°५७'१.६४" | ५२०० | | | | |
| | | द्धारदह खण्ड-क | २७°४०'०.००" ८३°५६'७९.००" | २७°३९'५३.००" ८३°५७'५.००" | ५५०० | | | | |

### गिरुवारी खोला खण्ड

| सूचना/ बोलपत्र नं. | क्षेत्र/नाकाहरूको नाम | | उत्तरी अक्षांश | पूर्वी देशान्तर | उत्खनन् परिणाम घ.मि. | | न्युनतम बोलपत्र रकम (VAT) र अग्रिम आयकर बाहेक | बोलपत्र दस्तुर रु. | |
|---|---|---|---|---|---|---|---|---|---|
| ०८/ २०८२/ ०८३ | गिरुवारी खोला खण्ड -क | सिमरा खण्ड | २७°३४'५०.००" ८४°०'११.००" | २७°३४'३७.००" ८४°०'५.००" | १०९२० | २१६०० | ५३४०३८४/ | ३०००/ | धरौटी रकम कबोल अंकको ५% |
| | | भिट्ठा खण्ड -क | २७°३५'२.३०" ८४°०'१६.७०" | २७°३४'५१.४३" ८४°०'११.६९" | १०६८० | | | | |
| ०९/ २०८२/ ०८३ | गिरुवारी खोला खण्ड -ख | भागरा खण्ड -क | २७°३७'१५.६७" ८४°०'३१.७४" | २७°३७'७.००" ८४°०'४२.००" | १०१६० | २१६०० | ५३४०३८४/ | ३०००/ | |
| | | भागरा खण्ड -ख | २७°३७'२७.००" ८४°०'१८.००" | २७°३७'१६.०४" ८४°०'२८.५३" | ११४४० | | | | |

**शर्तहरू:**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम वापत यस कार्यालयमा नगद रतिरेको वा नेपाल बैंक लिमिटेड, चोरमारा शाखामा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं. ३१८०३०००००१००१००००००१ मा नगद रु. ३,०००/- जम्मा गरेको भौचर साथ निवेदन पेश गरी यो सूचना प्रकाशन भएको मितिले २०८३/०१/२८ गते १२:०० बजेसम्म विद्युतीय माध्यमबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। तोकिएको मितिभित्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको **www.bolpatra.gov.np** बाट सम्बन्धित कागजातहरू डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट लेख्नुपर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड, चोरमारा शाखामा रहेको धरौटी खाता नं. ३१८०३०००००३००१००००००१ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला पेश गर्ने अन्तिम मितिले १२० दिनको म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (बिड बण्ड) सिलबन्दी खाम साथ अनिवार्य पेश गर्नुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण,सम्पर्क विवरण, बोलपत्र विवरण अनुसारको प्रोपाइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाइ फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले २०८३/०१/२८ गते दिनको १२:०० बजेसम्म विद्युतीय माध्यमबाट बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक फाराम भरी आवश्यक कागजातहरू पेश गर्ने अन्तिम दिनको २०८३/०१/२८ गते २:०० बजेपछि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजका प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजका प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै कार्यालय खुलेको दिन गरिनेछ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी रित नपुगी वा शर्तविपरीत पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा सूचना प्राप्त भएको मितिले १५ दिनभित्र मु.अ.क.,दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत ५० प्रतिशतले हुन आउने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम नेपाल बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८३ साल असार मसान्तसम्म म्याद रहने गरी बैंक ग्यारेन्टी (परफर्मेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ वा शतप्रतिसत नगदै रकम बुझाउन सकिने छ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम जेठ १५ गतेभित्र अनिवार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने फर्मले आफ्नो कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ।

७. तोकिएको समयभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस नगरपालिकाको नदी तथा नदीनालाको उत्खनन क्षेत्र र परिमाणका सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

**ठेक्का सम्बन्धी अन्य शर्तहरू**

१. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०८३ साल जेठ मसान्तसम्म रहनेछ। तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार के ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रक्रिया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा संकलन पूरा भएमा उत्खनन कार्य बन्द गरिनेछ। साथै परिमाणको आधारमा ठेक्का सम्झौता हुने भएकाले बन्द हड्ताल आदिको कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाइने छैन। यकिन भएको परिमाण भन्दा बढी परिमाणको निकासी गरेको भेटिएमा बढी भएको परिमाणको थप रकम कबोल दर अनुसार असुलउपर गरिनेछ। (IEE) प्रतिवेदनले उल्लेख गरेको परिमाण भन्दा बढी र निषेध गरिएको अवधिमा समेत बाहिरबाट सामग्री उत्खनन गर्न पाइनेछैन। तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामग्री बिक्री तथा निकासी गर्न पाइनेछ।

२. धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

३. ठेक्का सम्झौता भए पश्चात प्रत्येक महिना उत्खनन र बिक्री वितरण गरिएको यथार्थ परिमाण खुलाइ नगरपालिकामा विवरण पेश गर्नु पर्नेछ।

४. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने बिक्री तथा निकासी रसिदहरू फर्म वा कम्पनीहरूसँगै सम्बन्धित कार्यालयबाट प्रमाणीकरण गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणीकरण नगरिएको रसिदबाट कारोबार गरेको पाइएमा नियमानुसार कारवाही गरिनेछ। माथि उल्लेखित गरिएको विवरणहरूमा उल्लेख गरिएको रकम बिक्री तथा निकासी आय खातामा म.उ.क. को हिसाब निकाल्नका लागि रसिद नं. को क्रम अनुसार लेखाजोखा गरी खातामा तथा रसिद वार्षिक रूपमा नगरपालिकामा बुझाउनु पर्नेछ।

५. ठेक्का सम्बन्धी कुनै विवाद भएमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

६. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकार गरिने छैन।

७. प्रत्येक ठेक्का छुट्याउने बोलपत्र र कागजात पेश गर्नुपर्नेछ।

८. ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा त्यही संकलन गर्न पाइने छैन।

९. नदीजन्य पदार्थको उत्खनन बिहान सूर्योदयदेखि बेलुका सूर्यास्तसम्म मात्र गर्न पाइने छ।

१०. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ र ठेक्कादारले कुनै किसिमको हर्जना दाबी गर्न पाउने छैन।

११. कुनै किसिमको परिस्थितिले देखाएको ठेक्का रकम घटाउन सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन।

१२. ढुंगा, गिट्टी, बालुवा, रोडा आदि संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरू ठेक्का लिने पक्षले पूर्ण रूपमा पालना गर्नुपर्नेछ।

१३. नदीजन्य पदार्थ घाटगद्दी नगरपालिकाबाट स्वीकृत लिनु पर्नेछ, नदीजन्य पदार्थलाई घाटगद्दी गरेर परिमाण मापन गरी मात्र बिक्री वितरण गर्नुपर्नेछ।

१४. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा गण्डकी प्रदेशबाट जारी गरिएको ढुंगा गिट्टी बालुवा उत्खनन, संकलन, बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि २०७५, मध्यविन्दु नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धी ऐन २०७७, मध्यविन्दु नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७, ढुंगा गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८, र उक्त क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्डहरू २०७७ र अन्य प्रचलित नियमको मापदण्ड ठेक्का लिने पक्षले पूर्ण रूपमा पालना गर्नुपर्नेछ।

१५. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरूको हकमा यस्तै अनुसार हुनेछ र उल्लेख नभएका कुराहरूको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

१६. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।

१७. अन्य कुराहरू नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**
**मध्यविन्दु नगरपालिका**